# शारदा राजपत्र


## शारदा नगरपालिकाद्वारा प्रकाशित

खण्ड:७)　　　　　　संख्या-　　　　　　२०८०/०३/०९ गते

भाग-१


# शारदा नगरपालिका
# खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना कार्यान्वयन ऐन, २०८०

**प्रस्तावनाः**

खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाको पालिका स्तरमा कार्यान्वयनका लागि संस्थागत व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०१ वमोजिम शारदा नगरपालिका नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना कार्यान्वयन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन नगरसभाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-,

(क) "**नगरपालिका वा पालिका**" भन्नाले शारदा नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "**प्रमुख**" भन्नाले शारदा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ग) "**उपप्रमुख**" भन्नाले शारदा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले शारदा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "**आयोजना प्रमुख**" भन्नाले आयोजना कार्यान्वयन इकाईको प्रमुखको रुपमा काम गर्न तोकिएको नेपाल सरकार, खानेपानी मन्त्रालयको प्रतिनिधिलाई सम्झनु पर्छ ।

(च) "**मन्त्रालय**" भन्नाले खानेपानी तथा सरसफाइ सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(छ) "**नगर सभा**" भन्नाले शारदा नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ज) "**कार्यपालिका**" भन्नाले शारदा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(झ) "**अनुदान**" भन्नाले यस आयोजना कार्यान्वयनका लागि नेपाल सरकार वा प्रदेश सरकार बाट प्राप्त हुने सशर्त अनुदान वा अन्य अनुदान लाइ समेत सम्झनु पर्छ ।

(ञ) "**आयोजना**" भन्नाले यस ऐन बमोजिम खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाको पालिका स्तरमा कार्यान्वयनका लागि अनुदान मार्फत कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्वन्धी परियोजना तथा उप-आयोजना समेतलाई सम्झनु पर्छ ।

(ट) "**आयोजना कार्यान्वयन ईकाई**" भन्नाले शारदा नगरपालिकामा आयोजना कार्यान्वयन गर्न गठन भएको ईकाईलाई सम्झनु पर्छ ।

(ठ) "**आयोजना व्यवस्थापन ईकाई**" भन्नाले आयोजनाको समग्र व्यवस्थापन, समन्वय एवं अनुगमन गर्न खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत स्थापना भएको कार्यालयलाई सम्झनु पर्दछ ।

(ड) "**खासस्व इकाई**" भन्नाले शारदा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई वा खानेपानी तथा सरसफाई सम्वन्धी कार्य हेर्ने शाखा, उपशाखा समेतलाई सम्झनु पर्छ ।

(ढ) "**समिति**" भन्नाले यो ऐन बमोजिम पालिकास्तरमा गठन भएको आयोजना कार्यान्वयन समितिलाई सम्झनु पर्छ ।

(ण) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तरगत बनेको नियम, निर्देशिका, कार्यविधि र मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## <u>समिति गठन प्रक्रिया र काम, कर्तव्य र अधिकार</u>

३. **<u>समितिको गठन</u>** : आयोजना कार्यान्वयन समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) नगरपालिका प्रमुख — अध्यक्ष

(ख) नगरपालिका उपप्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) नगरपालिकाको योजना शाखा —सदस्य

(ङ) प्रदेश सरकारको खानेपानीको विषयगत मन्त्रालयको राजपत्राङ्कित तृतीय श्रेणीका प्रतिनिधि — सदस्य

(च) खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ जिल्ला शाखा सल्यान

अध्यक्ष/प्रतिनिधि —सदस्य

(छ) शारदा नगरपालिका पूर्वाधार बिकाश शाखा/वास एकाई ईन्जिनियर — सदस्य

(ज) नगरपालिकाको वास सम्पर्क व्यक्ति — सदस्य

(झ) आयोजना प्रमुख - सदस्य सचिव

४. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजना कार्यान्वयन ईकाईले तयार गरेको बजेट कार्यक्रम नगर सभामा पेश गर्नु पूर्व स्वीकृत गर्ने,

(ख) नगर सभाबाट पारित भएका कार्यक्रमहरु कार्यान्वयन गर्न आयोजना कार्यान्वयन ईकाईलाइ अख्तियारी प्रदान गर्ने,

(ग) आयोजना प्रमुखको अधिकार क्षेत्र भन्दा बाहिरका लागत अनुमान, बोलपत्र कागजात स्वीकृत गर्ने, म्याद थप गर्ने, भेरियसन स्वीकृत गर्ने ,

(घ) आयोजना कार्यान्वयनका लागि निर्देशन, सुपरिवेक्षण र अनुगमन, अन्तिम निर्णय गर्ने र आवधिक प्रतिवेदन प्राप्त गर्ने,

(ङ) आयोजना कार्यान्वयनमा पर्न सक्ने समस्या समाधान तथा सहजीकरण गर्ने,

(च) आयोजना कार्यान्वयन ईकाईको दरवन्दी स्वीकृत गर्ने,

(छ) आयोजना अन्तर्गतका कार्यक्रम संशोधन तथा आन्तरिक बजेट रकमान्तरमा स्वीकृति प्रदान गर्ने,

(ज) आयोजना कार्यान्वयन गर्न आवश्यक भई आयोजना कार्यान्वयन ईकाईबाट पेश हुन आएका अन्य बिषयहरुमा निर्णय गर्ने ।

**५. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक अध्यक्षको सहमतिमा सदस्य-सचिवले बोलाउनेछ र आकस्मिक अवस्थामा बाहेक बैठकमा छलफल हुने बिषयहरुको सूची सदस्यहरुलाई अग्रिम रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थतिमा बैठकको निर्णय मान्य हुनेछ ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

## परिच्छेद-३

## आयोजना कार्यान्वयन इकाईको व्यवस्था

६. **आयोजना कार्यान्वयन इकाईको व्यवस्था** :

(१) आयोजना कार्यान्वयनको लागि मन्त्रालयले तोकि पठाएको आयोजना प्रमुख तथा कर्मचारीहरु र पालिकास्तरमा रहेका अन्य आवश्यक कर्मचारीहरु सहितको आयोजना कार्यान्वयन इकाईको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको ईकाईले आयोजना कार्यान्वयन अवधि सम्मका लागि पालिकाको आयोजना कार्यान्वयन शाखाको रुपमा समेत कार्य गर्नेछ।

(३) आयोजना कार्यान्वयन ईकाईले अनुदान खर्च गर्ने प्रयोजनका निमित्त स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ उपदफा (२) बमोजिम अख्तियारी प्राप्त गरी सोहि ऐनको दफा ७३ उपदफा (३) को सम्पूर्ण व्यवस्था पालना गर्नु पर्नेछ ।

७. **आयोजना प्रमुखको व्यवस्था** :

(१) मन्त्रालयले तोकी पठाएको अधिकारीले आयोजना प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन ईकाईका कर्मचारीहरुको थप शर्त एवं सुविधा तोकिए वमोजिम हुनेछ ।

(३) आयोजना प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) समितिका निर्णयहरु कार्यान्वयन गराउने,

(ख) बार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) आयोजना कार्यान्वन इकाईको प्रमुख भई काम गर्ने,

(घ) प्राप्त अख्तियारीका आधारमा आयोजना कार्यान्वयन गर्ने,

(ङ) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा समन्वय गर्ने तथा समस्याहरुको समाधान गर्न आवश्यक सहयोग गर्ने,

(च) खर्चको विवरण तोकिएको ढाँचामा मासिक, आवधिक तथा माग भए बमोजिम आयोजना व्यवस्थापन इकाई तथा समितिमा बुझाउने,

(छ) समितिले तोके वमोजिम अन्य कामहरु गर्ने, गराउने ।

(४) आयोजना प्रमुखले आफ्नो कार्य सम्पादन गर्दा वा समितिमा स्वीकृतिको लागि पेश गर्दा आयोजना सम्वन्धीसम्वन्धी तोकिएका बिषयहरुमा अनिवार्य रुपमा आयोजना व्यवस्थापन ईकाईको पूर्व स्वीकृति प्राप्त गरी गर्नु पर्नेछ ।

## परिच्छेद—४

## बिबिध

८. **पालिकास्तरका अन्य आयोजना कार्यान्वयनमा लागू नहुने** : यो ऐन खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाको कार्यान्वयन प्रयोजनमा मात्र लागू हुनेछ ।

९. **बाधा अड्काउ फुकाउने** : यस ऐन कार्यान्वयन गर्ने क्रममा यस ऐनका अन्य दफामा स्पष्ट उल्लेख भएकोमा बाहेक आवश्यकता अनुसार विश्व बैंकसंग भएको सम्झौता, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा संघीय कानूनको प्राथमिकता क्रममा लागु हुनेछन् र यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ देखा परेमा आयोजना व्यवस्थापन ईकाईको परामर्शमा कार्यपालिकाले आदेश जारी गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

१०. **संसोधन गर्न सकिने** : यो ऐन संशोधन गर्नुपर्ने भएमा आयोजना व्यवस्थापन ईकाईको परामर्शमा नगर सभाबाट संशोधन गर्न सकिनेछ ।

११. **कायम रहने** : आयोजनाको अवधिभर तथा सम्वन्धीत कार्यहरुको फरफारक नभए सम्म यो ऐन कायम रहने छ ।

प्रमाणिकरण मिति: २०८०/०३/१२

आज्ञाले

**(लिलाधर बबाल)**

नि.प्रमुख प्रशासकिय अधिकृत